नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र

# विद्यालय शिक्षा सम्बन्धी गतिविधि-४३ (पूर्णाङ्क २४८)

## दरबन्दी मिलान सम्बन्धमा स्थानीय तह तथा शिक्षा विकास तथा समन्वय इकाइलाई सूचना

यस केन्द्रबाट शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ अनुसार दरबन्दी मिलान तथा व्यवस्थापनको कार्य हुँदै गरेको व्यहोरा अनुरोध छ। यसै सम्बन्धमा यस केन्द्रबाट विभिन्न मितिमा जारी भएको पत्रानुसार कतिपय स्थानीय तहहरूले अझै पनि दरबन्दी मिलानको कार्य नै नगरेको देखिएकाले खुद पुल दरबन्दी रहेका स्थानीय तहहरूमा खुद पुल दरबन्दी बराबरको संख्यामा शिक्षक तलब भत्ता निकासा नगरिएको हुँदा शिक्षक दरबन्दी मिलानको कार्य यथाशीघ्र सम्पन्न गर्ने व्यवस्था हुन अनुरोध छ। दरबन्दी मिलानको कार्य सम्पन्न नभएमा खुद पुल दरबन्दीका शिक्षकहरूको तलबभत्ताका लागि सम्बन्धित स्थानीय तह नै जिम्मेवार हुने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ।

## शिक्षा तथा मानव स्रोत विकास केन्द्रको शैक्षिक रेडियो कार्यक्रम प्रसारण सम्बन्धी जानकारी

शिक्षक, विद्यार्थी, अभिभावक, शिक्षाकर्मी र शैक्षिक सरोकारवाला सबैका लागि उपयोगी हुने शैक्षिक रेडियो कार्यक्रम हरेक मङ्गलबार बेलुकी ७:४० बजेदेखि र शनिबार बेलुका ७:३० बजेदेखि १५ मिनेटसम्म रेडियो नेपालबाट प्रसारण भइरहेको जानकारी गराउँछौं। शैक्षिक रेडियो कार्यक्रम यस प्रकार प्रसारण हुने भएकाले नियमित रूपमा सुनिदिनुहुन सम्बन्धित सबैमा हार्दिक अनुरोध गर्दछौं।

- प्रत्येक हप्ताको मङ्गलबार शैक्षिक सूचना तथा जानकारी, केन्द्रदेखि विद्यालय सम्मका समाचारमूलक गतिविधि, समसामयिक विषयमा परिसंवाद तथा अन्तर्वार्ता, शैक्षिक नीति, योजना, कार्यक्रम, ऐन/नियम, निर्देशिका, कार्यविधि र कार्य ढाँचा सम्बन्धी जानकारी तथा कार्य प्रगति विवरण, लेख रचना र विद्यालय शिक्षाका असल अभ्यास समेटिएको स्थलगत रेडियो रिपोर्ट जस्ता कार्यक्रम प्रसारण गरिनेछ।
- त्यसैगरी प्रत्येक हप्ताको शनिबार शिक्षा सम्बन्धी विषयवस्तुमा आधारित नाटक तथा छलफल, लघुनाटक, सामाजिक, सांस्कृतिक पर्व, दिवस विशेष नाटक/छलफल, समसामयिक कुराकानी, सचेतनामूलक सन्देश, श्रोता प्रतिक्रिया तथा जिज्ञासा आदि प्रसारण गरिनेछ।

यस केन्द्रबाट प्रसारण गरिएका कार्यक्रमहरू केन्द्रको फेसबुक पेज www.facebook.com/radiodistance मा सुन्न सकिनेछ। कार्यक्रमका सम्बन्धमा तपाईं श्रोताका केही सुझाव र प्रतिक्रिया भए हामीलाई इमेल पनि गर्न सक्नुहुनेछ। हाम्रो इमेल ठेगाना हो radiodeol@gmail.com

साथै यस कार्यक्रमलाई अझ बढी प्रभावकारी बनाउन यहाँहरूबाट रचनात्मक सुझावको समेत अपेक्षा गर्दछौं।

## श्रव्यदृश्य शाखाको टेलिभिजन तथा रेडियो एफ.एम.बाट प्रसारण हुने श्रव्यदृश्य एवं श्रव्य पाठ प्रसारण सम्बन्धी जानकारी

**१. श्रव्यदृश्य पाठ प्रसारण सम्बन्धी जानकारी :**

पाठ्यक्रम र पाठ्यपुस्तकमा आधारित भई यस केन्द्रबाट उत्पादन गरिएका कक्षा १–८ का विषयगत श्रव्यदृश्य पाठहरू नेपाल टेलिभिजनको NTV+ च्यानलबाट शनिबार बाहेक हरेक दिन बिहान १० बजेदेखि दिउँसो ३ बजेसम्म नियमित रूपमा प्रसारण भइरहेका छन्। त्यसैगरी कक्षा १–१० का विषयगत श्रव्यदृश्य पाठहरू Dish Media Network Ltd. को Dishhome, NITV Streamz Pvt. Ltd. को NET TV, Mega Max TV Pvt. Ltd. को Max TV, Divine Stream Network Pvt. Ltd को Mero TV र Subisu Cablenet (P). Ltd को Clear TV को विद्यालय शिक्षा (School Education) च्यानलबाट शनिबार बाहेक हरेक दिन बिहान ७ बजेदेखि बेलुकी ९ बजेसम्म नियमित रूपमा प्रसारण भइरहेका छन्।

श्रव्यदृश्य पाठहरूको प्रसारण समय तालिका यस केन्द्रको वेबसाइट cehrd.gov.np मा हेर्न सकिने व्यवस्था मिलाइएको छ। कक्षा १ देखि १० सम्मका श्रव्यदृश्य पाठहरू यस केन्द्रको Youtube Channel,www.youtube.com/ncedvirtual बाट आफ्नो अनुकूल समयमा आवश्यकता अनुसार हेर्न सकिनेछ।

केन्द्रको Youtube Channel मा कक्षा १ देखि १० सम्मका १६०० भन्दा बढी विषयगत श्रव्यदृश्य पाठ समावेश गरिएका छन् भने १ लाख ३० हजारभन्दा बढी Suscribers रहेका छन्। यस च्यानलका ९० लाखभन्दा बढी Views रहेका छन्। हाल प्रतिमहिना ९ लाखभन्दा बढी विद्यार्थीले ४८ हजार घन्टाभन्दा बढी समय उक्त च्यानलको प्रयोग गरेका छन्। सम्बन्धित विद्यार्थी तथा शिक्षकहरूले उक्त च्यानललाई Suscribe गरी र Bell Icon मा click गरी नयाँ Video हरूको Notification पाउन सक्नुहुनेछ।

यस केन्द्रको शिक्षाको चौतारी (Education Portal), Learning.cehrd.edu.np मा प्रारम्भिक बाल विकासदेखि कक्षा १० सम्मका विषयगत डिजिटल अन्तर्क्रियात्मक सिकाइ सामग्रीहरू (Digital Interactive Learning Materials) को प्रयोग गरी लाभ लिनुहुन सम्बन्धित सबै विद्यार्थी तथा अभिभावकलाई अनुरोध गरिन्छ। त्यसैगरी यस केन्द्रको पहलमा विकास गरिएको Mobile App, eClass Nepal आफ्नो मोबाइल (Android) मा Install गर्नुहुन र App मा समावेश गरिएका कक्षा १ देखि १० सम्मका शिक्षण पाठहरू, पाठ्यपुस्तक, नमुना प्रश्नपत्र आदि हेरी त्यसबाट लाभ लिनुहुन समेत अनुरोध गरिन्छ।

**२. श्रव्य पाठ प्रसारण सम्बन्धी जानकारी:**

कक्षा ९ र १० का अनिवार्य विषयका श्रव्य पाठहरू रेडियो नेपालबाट शनिबार बाहेक प्रत्येक दिन बिहान १०:१५ देखि १०:४५ बजेसम्म र दिउँसो २:१५ देखि २:४५ बजेसम्म नियमित रूपमा प्रसारण भइरहेका छन्। त्यसैगरी यस केन्द्र र सामुदायिक रेडियो प्रसारण सङ्घ बीचको सहकार्यमा देश भरका करिब २०१ भन्दा बढी सामुदायिक रेडियोहरू मार्फत कक्षा ९ र १० का अनिवार्य विषयका श्रव्य पाठहरू बिहान १०:०० देखि ११:०० बजेसम्म र पुनः प्रसारण बेलुकी ५:०० देखि ६:०० बजेसम्म प्रसारण भइरहेका छन्।

श्रव्य पाठहरूको प्रसारण समय तालिका यस केन्द्रको वेबसाइट cehrd.gov.np मा हेर्न सकिनेछ। प्रसारण गरिएका उक्त श्रव्य पाठहरू केन्द्रको फेसबुक पेज www.facebook.com/radiodistance मा सुन्न सकिनेछ।

यसरी प्रसारित श्रव्यदृश्य तथा श्रव्य पाठबाट सम्बन्धित सबै विद्यार्थीले फाइदा लिन सक्ने वातावरण बनाइदिनुहुन सम्पूर्ण अभिभावक, शिक्षक तथा सम्बन्धित सरोकारवालाहरू समक्ष यस केन्द्र हार्दिक अनुरोध गर्दछ।

## शैक्षिक कार्यक्रम 'शिक्षाको चौतारी' प्रसारण सम्बन्धी जानकारी

शिक्षक, विद्यार्थी, अभिभावक, शिक्षाकर्मी र शैक्षिक सरोकारवाला सबैका लागि उपयोगी हुने शैक्षिक कार्यक्रम "शिक्षाको चौतारी" हरेक मङ्गलबार बेलुकी ७:०० बजेदेखि ७:२५ बजेसम्म नेपाल टेलिभिजनको राष्ट्रिय च्यानलबाट प्रसारण भइरहेको जानकारी गराउँछौं। यस कार्यक्रममा नीतिनिर्माता, व्यवस्थापक र अनुसन्धानकर्ताहरू बीच समसामयिक शैक्षिक विषयमा परिसंवाद तथा अन्तर्वार्ता र यसका साथै पालैपालो गरी सातै प्रदेश अन्तर्गतका जिल्लाहरूमा अवस्थित विभिन्न सामुदायिक विद्यालयहरू र शैक्षिक सङ्घ संस्थाका असल अभ्यास, सुधारका प्रयास, अनुसरणीय गतिविधि समेत प्रसारण भइरहेको छ। प्रस्तुत शिक्षाको चौतारी कार्यक्रम सम्बद्ध सबैले हेरी यसका सकारात्मक पक्षको अनुसरण/उपयोग/प्रयोग गर्नुहुन समेत सबैमा जानकारीका लागि अनुरोध छ।

प्रसारित कार्यक्रम यस केन्द्रको YoutubeChannel,NCED virtual मा समेत हेर्न सकिनेछ। यस कार्यक्रमका सम्बन्धमा यहाँहरूका केही सुझाव र प्रतिक्रिया भए हामीलाई इमेल मार्फत पठाउन सक्नुहुनेछ। हाम्रो इमेल ठेगाना हो radiodeol@gmail.com। साथै यस कार्यक्रमलाई अझ बढी प्रभावकारी बनाउन रचनात्मक सुझावको समेत अपेक्षा गर्दछौं।

## शिक्षा विकास तथा समन्वय इकाइ स्याङ्जाको हाजिर हुन आउने बारेको अत्यन्त जरुरी सूचना !!

स्याङ्जा जिल्ला भिरकोट नगरपालिका वडा नं. ३ स्थायी घर भई हाल स्याङ्जा जिल्ला भिरकोट नगरपालिका वडा नं. २ स्थित दीपज्योति आधारभूत विद्यालय केघाको प्राथमिक तृतीय श्रेणीको दरबन्दीमा कार्यरत स्थायी शिक्षक तपाई भोजेन्द्र गुरुङ मिति २०७७/०९/०५ गतेदेखि बिना सूचना विद्यालयमा अनुपस्थित रहनुभएकोमा विद्यालयबाट पटक पटक हाजिर हुन आउन पत्राचार गर्दा पनि हाजिर हुन नआउनु भएकाले यो सूचना प्रकाशित गरिएको मितिले ७ दिनभित्र पदाधिकार रहेको विद्यालयमा हाजिर हुन जानुहुन जानकारी गराइन्छ। अन्यथा प्रचलित शिक्षा ऐन नियमानुसार हुनेछ।

२०७७ साल विश्वभर कोभिड–१९ ले आक्रान्त पारेको वर्ष बन्न पुग्यो। हाम्रो देश पनि यसबाट अछूतो रहन सकेन। यसले शिक्षा जस्तो संवेदनशील क्षेत्रमा असर पुऱ्यायो। यस वर्ष पनि उक्त महामारीको असर कायमै रहने सम्भावना नकार्न सकिँदैन। त्यसैले सरकारद्वारा जारी स्वास्थ्य सम्बन्धी सुरक्षा मापदण्ड कडाइका साथ पालना गर्न सबैमा अनुरोध गर्दै नववर्ष २०७८ हामी सबैको आपसी सद्भाव र सहकार्यबाट शैक्षिक उन्नयनको वर्ष बन्न सकोस्। सम्पूर्ण जनप्रतिनिधि, शिक्षक, विद्यार्थी, अभिभावक, राष्ट्रसेवक कर्मचारी, पत्रकार एवं देश विदेशमा रहनुहुने शिक्षाप्रेमी नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा

**हार्दिक मङ्गलमय शुभकामना**

व्यक्त गर्दछौं।

**वैकुण्ठप्रसाद अर्याल**
महानिर्देशक तथा
शिक्षा तथा मानव स्रोत विकास केन्द्र परिवार
सानोठिमी, भक्तपुर

## शिक्षा तथा मानव स्रोत विकास केन्द्र

सानोठिमी, भक्तपुरको

## आ.व. २०७७/०७८ का लागि दृष्टिविहीनका लागि श्रव्यसामग्री खरिद गर्ने सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

(प्रथमपटक प्रकाशित मिति : २०७८।०१।०१)

यस केन्द्रमा चालू आ.व. २०७७/०७८ का लागि आवश्यक पर्ने तपसिलमा उल्लिखित कार्यहरू सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकाले स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि करमा दर्ता भएका इच्छुक इजाजत प्राप्त उल्लिखित कामसँग सम्बन्धित सङ्घ/संस्था एवं फर्महरूबाट देहायका सर्तको अधीनमा रही सिलबन्दी दरभाउपत्र पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**सर्तहरू:**

१. दरभाउपत्र यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र रु. १०००/– (एक हजार रुपियाँ ) फिर्ता नहुने गरी तिरी केन्द्रको भण्डार शाखाबाट प्राप्त गर्न सकिनेछ।
२. दरभाउपत्र खरिद गर्ने र बुझाउने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो बिदापछि कार्यालय खुलेको दिन सोही समयभित्र खरिद गर्न र बुझाउन सकिनेछ।
३. सिलबन्दी दरभाउपत्रसाथ दरभाउपत्र दाताले जमानत रकम तोकिए अनुसार नेपाल बैङ्क लिमिटेड, भक्तपुरमा रहेको को.ले.नि.का. भक्तपुरको धरौटी खाता नं. क–२–३/०१९०१०००००२००३००००01 (धरौटी) मा यस केन्द्रको कार्यालय कोड ३५००१३३०१ (शिक्षा तथा मानव स्रोत विकास केन्द्र) को नाममा जम्मा गरी सोको सक्कल भौचर (कार्यालयमा पेस गर्ने प्रति) वा सिलबन्दी दरभाउपत्र खोलेको मितिदेखि ७५ दिन मान्य अवधि भएको बैङ्क ग्यारेन्टी तथा फर्म दर्ता नवीकरण, मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र र आ.व. २०७६/०७७ को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि संलग्न राखी पेस गर्नुपर्नेछ।
४. आपूर्ति गर्ने सामानको विस्तृत विवरण सिलबन्दी दरभाउपत्र फाराममा उल्लेख गरिएको छ।
५. कबोल अङ्क स्पष्टसँग अङ्क र अक्षरमा उल्लेख गर्नुपर्नेछ। अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको दरलाई मान्यता दिइनेछ।
६. सिलबन्दी दरभाउपत्र फाराम यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले १६औँ दिन दिनको १२:०० बजेसम्म यस केन्द्रमा दर्ता गर्नुपर्नेछ। सोही दिनको २:०० बजे दरभाउपत्रवाला वा निजको अधिकार प्राप्त प्रतिनिधिको रोहवरमा खोलिनेछ। तर निजहरूको अनुपस्थितिमा पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्नेछैन।
७. सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम रीत नपुगेको दरभाउपत्र उपर कुनै कारबाही गरिनेछैन।
१०. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस केन्द्रमा सुरक्षित रहनेछ।
११. यस सम्बन्धमा अन्य कुरा बुझ्नुपरेमा केन्द्रको भण्डार शाखा (०१–६६३८७०६) मा सम्पर्क राखी जानकारी लिन सकिनेछ।

| क्र.सं. | विवरण | सिलबन्दी दरभाउपत्र नं. | जमानत रकम | कैफियत |
|---|---|---|---|---|
| १ | दृष्टिविहीनका लागि श्रव्य सामग्री खरिद | | १५,५००।–<br>(पन्ध्र हजार पाँच सय रुपियाँ)<br>दृष्टिविहीनका लागि श्रव्य सामग्री खरिद | |

**नोट : दरभाउपत्रका साथ उपलब्ध गराउने सामानको १ सेट नमुना समेत पेस गर्नुपर्नेछ।**

## शैक्षिक स्मारिका प्रकाशनका लागि लेख रचना उपलब्ध गराउने सूचना

शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट आ.व. २०७७/०७८ को शैक्षिक स्मारिका अङ्क ३ प्रकाशनका लागि साक्षरता, शिक्षक शिक्षा र दूर शिक्षा लगायतका शिक्षासँग सम्बन्धित अनुसन्धानमूलक, विचारमूलक, विश्लेषणात्मक र मौलिक लेख रचना कम्तीमा ८ देखि १० पृष्ठ सम्ममा नेपाली भाषा भए Preeti font 16 र अङ्ग्रेजी भाषा भए Times New Roman Font 14 मा तपसिल बमोजिमको ढाँचामा नेपाली भाषाको वर्णविन्यास अनुसार तयार गरी विद्युतीय प्रति यस केन्द्रको पाठ्यक्रम तथा सामग्री शाखामा आइपुग्ने गरी वा निम्नलिखित Email Address **cehrdcu21@gmail.com** मा वा यस केन्द्रको पाठ्यक्रम तथा सामग्री शाखामा मिति २०७८/०१/३१ गतेभित्र उपलब्ध गराइदिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। लेख रचनाको ढाँचामा नभएका लेखहरूलाई मूल्याङ्कनमा समावेश गराइने छैन। लेख रचना छनोट गर्ने सम्पूर्ण अधिकार यस केन्द्रमा रहनेछ।

**लेख रचनाको ढाँचा**

(१) **लेखसार**
(२) **विषय प्रवेश**
(३) **विद्यमान अवस्थाको विश्लेषण (SWOT Analysis)**
(४) **सुझाव**
(५) **निष्कर्ष**
(६) **सन्दर्भ सामग्री**

**Email Address, cehrdcu21@gmail.com**

## सबै सामुदायिक विद्यालयहरूका लागि सूचना

प्रस्तुत विषयमा नेपाल सरकारले यस शैक्षिक वर्षदेखि सबै सामुदायिक विद्यालयमा अध्ययन गर्ने छात्राहरूका लागि स्यानिटरी प्याडको व्यवस्था गर्न सम्बन्धित स्थानीय तहमा बजेट पठाइसकिएको व्यहोरा जानकारी गराइन्छ साथै हालसम्म पनि केही विद्यालयले यसको व्यवस्था नगरेको भन्ने जानकारी प्राप्त भएकाले त्यस्ता विद्यालयले तुरुन्तै सम्बन्धित पालिकामा समन्वय गरी आफ्ना छात्राहरूका लागि स्यानिटरी प्याड उपलब्ध गराउनहुन अनुरोध गरिन्छ।

## पाठ्यक्रम विकास केन्द्रको सूचना

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसार शैक्षिक वर्ष २०७८ मा कक्षा २, ३, ६ र १२ मा नयाँ पाठ्यक्रम लागू हुने भएकाले विद्यालयले पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्यसामग्री प्रयोग गर्दा पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत पाठ्यक्रम, पाठ्यपुस्तक र पाठ्यसामग्री मात्र पठनपाठन गराउन अनुरोध छ। पाठ्यक्रमअनुसार तोकिएका विषयको पठनपाठन भएनभएको अनुगमन हुने व्यहोरासमेत सम्बद्ध सबैमा जानकारी गराइएको छ।